## नगर प्रमुख श्री रामदुलार साह ज्यू द्वारा मिति २०८०।३।९ गते रामगोपालपुर नगरपालिकाको नवौं नगरसभामा प्रस्तुत गरिएको

# आ.व. २०८०।०८१ को बजेट, निती तथा कार्यक्रम

*रामगोपालपुर नगरपालिकाको यस सम्मानित नवौं नगरसभामा उपस्थित नगर उपप्रमुख, नगर सभाका सदस्य ज्यूहरु, यस गरिमामय नगरसभाका आजका प्रमुख अतिथि पुर्व भौतिक पूर्वाधार तथा विकास मन्त्री माननीय सरोज कुमार यादव ज्यू, विशिष्ठ अतिथि पुर्व सांसद माननीय लालेन्द्र कुमार मण्डल ज्यू, विभिन्न राजनीतिक दलका प्रतिनिधि ज्यू, प्रमुख प्रशासकिय अधिकृत ज्यू, नगरपालिकाका कर्मचारीहरु, पत्रकारहरु, सुरक्षाकर्मीहरु, बुद्धिजिवी एवंम् उपस्थित सम्पूर्ण महानुभावहरु ।*

१) स्थानीय सरकार प्रमुखको रुपमा रामगोपालपुर नगरपालिकाको आर्थिक वर्ष २०८०।०८१ को बजेट, नीति तथा कार्यक्रम यस सम्मानीत सभा समक्ष प्रस्तुत गर्ने अवसर पाउँदा गर्वको अनुभुती गरेको छु ।

२) संघिय लोकतान्त्रीक गणतन्त्रको अभ्यास सम्म आउने क्रममा जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात शहिदहरुप्रति भावपुर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । राष्ट्रियता, लोकतन्त्र र जनजिवीकाको आन्दोलनमा अगुवाई गर्नुहुने सम्पूर्ण अग्रजहरुको योगदानको उच्च सम्मान सहित स्मरण गर्दछु । कोरोना भाईरसको कारणले ज्यान गुमाएका सम्पूर्ण व्यक्तिहरुप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु ।

३) स्थानीय तहको प्रथम कार्यकाल सफलतापूर्वक सम्पन्न गर्दै नगरपालिकाको सर्वागिंण विकासमा पुऱ्याउनु भएको योगदानका लागी नगरपालिकाका पूर्व जनप्रतिनिधि ज्यूहरुलाई उच्च कदर गर्दछु ।

४) तिन तहको सरकार बिचको सहकार्य समन्वय र सहअस्तित्वको सिद्धान्त अनुसार नेपाल सरकार र प्रदेश सरकारले प्रस्तुत गरेको दिगो विकासको लक्ष्य प्राप्तीको नीति तथा कार्यक्रमलाई मध्य नजर गर्दै र कोभीड १९ महामारीको भेरिएनट सहितको संक्रमण अहिले समग्र अर्थ तन्त्र र कार्य प्रणालीलाई शिथिलताको चपेटामा पारेको जोखिमपूर्ण र चुनौतीपूर्ण अवस्थाबाट केही सामान्य अवस्था तर्फ आउदा स्थानीय अर्थतन्त्रलाई राष्ट्रिय अर्थतन्त्रसंग आर्थिक समुन्नतीको आधार तयार पार्ने गरी नीति तथा कार्यक्रम तर्जुमा गरेको छु ।

५) २०७९ वैशाख ३० गते सम्पन्न स्थानीय तहको निर्वाचनबाट निर्वाचित भई कार्यभार सम्भालेको १ वर्ष पूरा भएको छ । यस अवधीमा नगरपालिकाको विकास, सू-व्यवस्थापन र सुशासन कायम गर्ने दिशामा निकै दुरगामी र महत्वपूर्ण प्रभाव पर्ने कार्यहरुको थालनी गरिएको छ । यस कार्यमा नगरवासी तथा सरोकारवाला निकायहरुबाट भएको सहयोग, सहाकार्य र समन्वयको लागी रामगोपालपुर नगरपालिका धन्यवाद ज्ञापन गर्दछ ।

६) एक वर्षे कार्यकालमा रामगोपालपुर नगरपालिकाकाले स्थानीय सरकारको हैसियतबाट विभिन्न संरचनागत, नीतिगत, कानुनी, प्रशासनीक तथा व्यवस्थापकीय कार्य संचालन गरेको छ । मुलत: यस अवधीमा विगतदेखि संचालित आवश्यक कार्यक्रमको निरन्तरता र सोको शिघ्र सम्पन्न गर्ने कुरालाई जोड दिदैं थुप्रै नविन, सृजनात्मक र शहरी सुशासनका लागी अपरिहार्य योजना तथा कार्यक्रमको सुरुवात गरिएको छ । नगरसभा, नगर कार्यपालिका, शाखा र वडा स्तरबाट सम्पादन गर्नुपर्ने काम, कारवाहीलाई प्रभावकारी रुपमा सम्पादन गर्न प्राथमिकता दिएको छ ।

राम दुलार साह
नगर प्रमुख

७) मुलत: स्थानीय जनताको सार्वभौम अधिकारलाई प्रचलन गराउने तथा चुस्त, दुरुस्त र प्रभावकारी सेवा प्रवाह गर्ने हाम्रो लक्ष्य हो । सांस्कृतीमा आधारित पर्यटन रामगोपालपुरको संभावनाको पहिलो क्षेत्र हो । सूचना र प्रविधिको उच्चतम प्रयोग गरी सेवा प्रवाहलाई सहज वनाउन अनिवार्य छ । जनतासंग प्रत्यक्ष सम्वन्ध र सम्पर्क रहने वडा कार्यालयहरुको क्षमता विकास, श्रोत साधनमामा वृद्धि र प्रणालीको विकास गर्ने नीति अवलम्वन गर्ने कामलाई विशेष प्राथमिकतामा राखेका छु । शिक्षा, स्वास्थ्य, रोजगारी, कृषी, उद्यमसिलता, सामाजिक विकास, यूवा तथा खेलकुद, भौतिक पूर्वाधार विकास, सार्वजनीक यातायात, खानेपानी तथा सरसफाई, विपत्त व्यवस्थापन, न्याय निरुपन, मानव अधिकार प्रवर्द्धन जस्ता विषयगत क्षेत्रहरुका लागी विशेष नीति तथा कार्यक्रम प्रस्ताव गरेको छु । अगामी आर्थिक वर्षको लागी प्रस्तावित नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्न आम नगरवासी तथा सवै पेशा, व्यवसायमा अवद्ध महानुभावहरुको सहयोग समन्वय र सहकार्य रहने कुरामा म विश्वस्त रहेको छु ।

***चालु आ.व. २०७९।०८० को नीतिको संक्षिप्त विश्लेषण :***

चालु आर्थिक वर्षका लागी रामगोपालपुर नगरपालिकाको सातौं नगरसभाबाट स्वीकृत भई कार्यान्वयन भएको नीतिले नगरवासी र आम जनमानसमा सुधारको अनुभूतीका साथै आशा र भरोसाको सञ्चार गरेको छ । नगरसभाबाट स्वीकृत हुने नीति तथा कार्यक्रमहरुले रामगोपालपुरको भविष्यलाई सुनिश्चित गर्ने र मुलुकभरका स्थानीय सरकारका लागी समेत अनुकरणीय बन्न सक्नुपर्ने हुन्छ । एक वर्षको अवधीमा नीति तथा कार्यक्रमको कार्यान्वयनबाट प्राप्त उपलब्धी सन्तोषजनक रहेको देखिन्छ । यद्यपी चालु आर्थिक वर्षको नीति विश्लेषण गर्दा शतप्रतिशत कार्यान्वयनमा आउन सकेको भने देखिदैन । निर्दिष्ट गरेका कतिपय कार्यक्रम कार्यान्वयनमा सार्वजनीक खरिद प्रकृया, योजना छनौट र प्राथमिकीकरण, संस्थागत क्षमता आदि समेतका कारण अपेक्षाकृत नतिजा प्राप्त हुन सकेको देखिएन । नगर सभाबाट पारित नीति तथा कार्यक्रमको शतप्रतिशत कार्यान्वयनका लागी संस्थागत क्षमतामा वृद्धि, आवश्यक संस्थागत सयन्त्र तथा कानुनी प्रवन्धको थप व्यवस्था गरी स्वीकृत कार्यक्रमको प्रभावकारी रुपमा कार्यान्वयन, अनुगमन र मुल्यांकन पद्धतीको विकास गर्न आवश्यक देखिएको छ ।

*नगरसभा सदस्यज्यूहरु :*

अब म यस सम्मानीत नगरसभाको बैठकमा आगामी आर्थिक वर्ष २०८०।०८१ को बजेट, नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु

***स्वास्थ्य तर्फ :***

१) यस न.पा. अन्तर्गत रहेको स्वास्थ्य संस्थाहरुको लागी विभिन्न प्रकारको विद्युतीय सामाग्रीहरु (ल्यापटप वा डेक्सटप कम्प्यूटर, प्रिन्टर वाईफाई) जडान गरिनेछ ।

२) ६० वर्ष माथिका बृद्धवृद्धाहरुका लागी घरदैलो उपचार कार्यक्रम संचालन गरिनेछ ।

३) प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी, आधारभुत स्वास्थ्य केन्द्र र आरोग्य सेवा केन्द्रमा वर्षभरी औषधी तथा औषधीजन्य सामाग्रीहरुको नियमित आपुर्तिका लागी आवश्यक बजेट व्यवस्थापन गरिनेछ ।

४) विपत्त तथा महामारी जन्य रोग व्यवस्थापनका लागी आवश्यक बजेटको व्यवस्थापन गरिनेछ ।

५) महिला स्वयंसेविकाहरुका लागी प्रोत्साहन भत्ताको व्यवस्था मिलाईनेछ ।

६) "गुणस्तरीय स्वास्थ्य उपचार जनताको अधिकार" भन्ने नाराको साथ नगरभरी आधारभुत स्वास्थ्य सेवालाई सर्व सुलभ र गुणस्तर बनाईनेछ ।

७) आ.व. २०८०।८१ मा यस रामगोपालपुर नगरपालिकालाई क्षयरोग मुक्त नगर घोषणा गरिनेछ ।
८) मातृ तथा नवशिशु कार्यक्रम र आमा सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा संचालन गरिनेछ ।
९) प्राथमिक स्वास्थ्य सेवा केन्द्रमा संचालन भएको जनस्वास्थ्य प्रयोगशालालाई थप स्तरीयकरणका साथै आवश्यकताका आधारमा स्वास्थ्य चौकीहरुमा पनि प्रयोगशाला सेवा विस्तारका लागी पहल गरिनेछ ।
१०) सबै स्वास्थ्य केन्द्रहरुमा शुद्ध खानेपानी तथा शौचालयको आवश्यक व्यवस्था मिलाईनेछ ।
११) विपन्न नागरिकहरुको लागी निःशुल्क स्वास्थ्य विमा कार्यक्रम संचालनमा ल्याईने छ ।
१२) सम्पूर्ण नगरवासीहरुलाई ५० प्रतिशतको अनुदानमा स्वास्थ्य विमा गरिनेछ ।
१३) उत्कृष्ट स्वास्थ्यकर्मी र महिला स्वंसेविकालाई आवश्यक पुरस्कारको व्यवस्था मिलाईनेछ ।
१४) बर्थिङ्ग सेन्टर सहितको स्वास्थ्य संस्थाको भवन निर्माणका लागी आवश्यक पहल गरिनेछ ।
१५) यस न.पा. मा स्वास्थ्य शिविर संचालन गरिनेछ ।
१६) यस नगरपालिकामा १५ शैया अस्पताल निर्माण कार्यको लागी सम्वन्धीत निकायमा पहल गरी निर्माण कार्यको आवश्यक प्रकृया अगाडी बढाईनेछ ।
१७) प्राथमिक स्वास्थ्य केन्द्र रामगोपालपुरमा जनस्वास्थ्य प्रयोगशाला सहितको आकासमिक सेवा र बर्थिगं सेन्टर संचालनलाई निरन्तरता दिईनेछ ।
१८) स्वास्थ्य संस्था मार्फत वितरण हुने औषधीको स्टोरलाई व्यवस्थित गर्न प्रविधि मैत्री बनाई कार्यान्वयन गरिनेछ । नेपाल सरकारले निःशुल्क औषधी भनी घोषणा गरेका औषधीलाई सबै स्वास्थ्य संस्थामा नियमित उपलब्धताको प्रवन्ध गरिनेछ ।
१९) बसविट्टी स्वास्थ्य चौकीमा प्रयोगशाला र बर्थिङ सेन्टरको व्यवस्था मिलाईनेछ ।
२०) बहु क्षेत्रीयपोषण कार्यक्रम संचालनलाई निरन्तरता दिइनेछ ।
२१) आमासुरक्षा कार्यक्रमको लागि औषधी, न्यानोझोला, सेवाप्रदायकले पाउने इन्सेन्टिभ रकमतथा सेवा ग्राहीहरुलाई यातायात खर्च भुक्तानीको लागि आवश्यक पहल गरिनेछ ।
२२) महिला स्वास्थ्य स्वयं सेविकाहरुका लागि दिईरहेको प्रोत्साहन भत्तालाई निरन्तरता दिईनेछ ।
२३) सुरक्षित मातृत्व, परिवार नियोजन सेवा, खोप सेवा, पोषण सेवा, गाँउघर क्लिनिक सेवा प्रभावकारी रुपमा संचालनको लागि आवश्यक व्यवस्था गरिनेछ ।
२४) स्वास्थ्य संस्थाहरुको न्युनतम सेवा मापदण्ड पुरा गर्नका लागिआवश्यक सामग्री खरिदको व्यवस्था मिलाईनेछ ।
२५) स्वास्थ्य संस्थाहरुको मर्मत संभार तथा स्तारोन्नतीका लागि आवश्यक वजेटको व्यवस्था मिलाईनेछ ।
२६) रामगोपालपुरलाई आ.ब.२०८०/८१ मा पुर्णखोप पालिका घोषणा गरिनेछ ।
२७) आधारभूत स्वास्थ्य सेवा संचालनका लागि कर्मचारी करारमा भर्ना गरिनेछ ।
२८) महिला स्वास्थ्य स्वयंसेविकाहरुको क्षमता अभिवृद्धिका लागी प्रोत्साहन कार्यक्रम संचालन गरिनेछ । उमेर पुगेका महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई नेपाल सरकारले प्रदान गर्ने रकममा केही रकम थप गरी संचालन गरिएको सुनौलो अवकाश योजना कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
२९) प्रत्येक स्वास्थ्य संस्थालाई संचालन तथा व्यवस्थापन खर्च उपलब्ध गराईनेछ ।
३०) न.पा.भित्र लामखुट्टे नियन्त्रणका लागी औषधी छर्कने व्यवस्था मिलाईनेछ ।
३१) प्राथमिक स्वास्थ्य सेवा केन्द्रमा स्वास्थ्य विमा सेवा संचालनको लागी आवश्यक पहल गरिनेछ ।
३२) स्वास्थ्य सेवालाई थप व्यवस्थित गर्न थप १ (एक) थान नयां एम्बुलेन्स खरिद गरिनेछ ।
३३) खोपी स्वास्थ्य चौकीलाई स्तरउन्नती गरिनेछ ।

राम दुलार साह
नगर प्रमुख

३४) गर्भवती महिलाको पहिचानका लागी गर्भवती महिला रहेको घरमा संकेत नं. राखिनेछ ।
३५) निःशुल्क एम्बुलेन्स सेवालाई निरन्तरता दिईनेछ ।

*सांस्कृति प्रवर्दधन तर्फ :*

१) नगर क्षेत्र भित्रका ऐतिहासिक तथा पुरातात्विक महत्वका क्षेत्रहरुको संरक्षण तथा विकासमा जोड दिने नीतिलाई निरन्तरता दिईनेछ ।
२) महिला हिंसा, बाल हिंसा, बाल श्रम, बाल विवाह, बहुविवाह, दाईजो जस्तो प्रथा उन्मुलनका लागी शैक्षिक संस्थाहरुमा सचेतना मुलक कार्यक्रम संचालन गरिनेछ ।
३) बोक्सीको आरोप, धामी झाक्री पिडित, छुवाछुत जस्ता कुरिती विरुद्ध सामाजिक विभेदलाई पूर्ण रुपमा अन्त्य गर्न आवश्यक कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
४) जात जाती, लिंग, भाषा, भेषभुषा, धर्मको आधारमा कसैलाई भेदभाव गरिने छैन । गरिएको पाईएमा कानुनी उपचार गरी पिडितलाई तत्काल न्याय प्रदान गरिनेछ ।

*न्यायिक समिति तर्फ :*

१) सबै वडा कार्यालयहरुमा मेलमिलाप केन्द्र स्थापना गरी सबै विवादहरु दर्ता गर्ने, विपक्षी झिकाउने, प्राविधिकद्वारा स्थलगत निरिक्षण गरी प्रतिवेदन पेश गर्ने, मेलमिलाप प्रकृया संचालन गर्ने कार्य वडा तहबाट हुने प्रवन्ध गरी न्यायलाई छिटो, छरितो र पहुंच योग्य बनाईनेछ ।
२) न्यायिक समितिमा सर्वसाधारण नागरिकको पहुंच बृद्धि गरिनेछ । हिंसा पीडित महिला, अपागंता भएका व्यक्ति, दलित, बालबालिका र ज्येष्ठ नागरिकलाई प्रदेश र संघिय सरकारको सहकार्यमा निःशुल्क कानुन सहायता उपलब्ध गराईनेछ । विवाद निरुपणमा भेदभावरहित, सहभागिता, जवाफदेहिता र सशक्तिकरण जस्ता पक्षलाई ध्यान दिईनेछ ।
३) न्यायिक शाखाको लागि मेलमिलापकर्ता र कानुनी सल्लाहकार तथा पुस्तक व्यवस्थापन गरिनेछ ।
४) न्यायिक समितिको क्षमता अभिवृद्धि गर्न अभिमुखिकरण कार्यक्रम संचालन गरिनेछ ।

*सुशासन तथा संस्थागत विकास तर्फ :*

१) कर्मचारीहरुको मनोवल उच्च राख्न तथा कार्यको प्रोत्साहन गर्न टाईमवेस्ट प्रणालीको आधारमा प्रोत्साहन भत्ता उपलब्ध गराईनेछ ।
२) जनप्रतिनिधि र कर्मचारीहरुको क्षमता विकासको लागी क्षमताविकास तालिम संचालन गरिनेछ ।
३) स्थानीय तहमा कार्यरत कर्मचारीहरुको वृत्ती विकासका लागी आवश्यक ऐन कानुन तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।
४) सार्वजनीक खर्चमा मितव्ययिता र औचित्यता कायम गरी शुन्य बेरुजु हुनेगरी बजेट कार्यान्वयन गरिनेछ ।
५) सार्वजनीक सुनुवाई कार्यक्रम संचालन गरिनेछ ।
६) न.पा.भित्र रहेको गुठी जग्गाहरुको संरक्षण गरी आवश्यक परेमा लिजमा लिईनेछ ।
७) यस न.पा. अन्तर्गत रहेको ९ वटै वडा कार्यालयको लागी प्रदेश लोक सेवा आयोगबाट कर्मचारी मांग गरी सबै वडामा वडा सचिवको पदपुर्ति गरिनेछ ।
८) रामगोपालपुर नगरपालिकालाई प्राप्त संवैधानिक तथा कानुनी अधिकारको प्रचलन गर्न तथा नगर सभाबाट स्वीकृत नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्नका लागी आवश्यक नयां कानुनको तर्जुमा, विद्यमान कानुनको पुनरावलोकन गरी आवश्यकता अनुसार संशोधन गरिनेछ ।

राम दुलार साह
नगर प्रमुख

९) कृया खर्च र छोरी विवाहमा दिईदै आएको सहयोग कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

१०) निर्वाचित जनप्रतिनिधीहरु तथा कर्मचारीहरुलाई विकास निर्माणका कार्य लगायत अन्य प्रशासनिक कार्यको अनुभव आदान प्रदान गर्न राष्ट्रिय तथा अन्तर्राट्रिय अवलोकन भ्रमणको व्यवस्था गरिने छ ।

११) जनताका समस्या, सुझाव र विकासका सवालहरुलाई सम्बोधन गर्न जनतासंग मेयर कार्यक्रम लागु गरिनेछ ।

१३) विपन्न गरिव असहायको लागी लक्षित वर्ग कार्यक्रम संचालन गरिनेछ ।

१४) सबै किसिमको कानुनको किताबहरु तथा स्थानीय सरकारले नीति गत ऐन कानुन, नियमावली, निर्देशिका बनाउने नीति लिईनेछ ।

१५) न.पा.कार्यालयमा कार्यरत कर्मचारीहरु मध्ये उत्कृष्ट कार्य गर्ने कर्मचारीलाई उचित पुरस्कारको व्यवस्था मिलाईनेछ ।

*प्रशासन सुधार तथा क्षमता विकास तर्फ :*

१) सेवा प्रवाहलाई चुस्त र दुरुस्त बनाउन विद्युतिय हाजिरी प्रणाली जडान गरिनेछ ।

२) दण्ड र पुरस्कार प्रणालीको अवलम्वन गरिनेछ ।

३) स्वीकृत दरवन्दीको पुनरावलोकन गर्न O&M सर्वेक्षण गरिनेछ ।

४) न.पा. र वडा कार्यालयवाट प्रवाह हुने सार्वजनीक सेवालाई चुस्त दुरुस्त, मितव्ययी छिटो छरितो, पारदर्शी जवाफदेही र निस्पक्ष बनाई सरल सहज र क्षमता मुलक पहुचको सुनिश्चितता गरिनेछ ।

५) सेवा प्रवाह कार्यलाई प्रविधि मैत्री बनाईनेछ ।

६) कार्य सम्पादन सम्झौता गरी सम्वन्धीत पदाधिकारी र कर्मचारीलाई जवाफदेही बनाईनेछ ।

७) **"कानूनको अज्ञानता क्षम्य हुदैन"** भन्ने कानूनी सिद्धान्तलाई मध्यनजर गर्दै रामगोपालपुर नगरपालिकाका ग्रामिण क्षेत्रका सर्वसाधारणमा कानून सम्वन्धी जानकारी गराउन कानूनी सचेतनाका कार्यक्रमहरु अभियानका रुपमा संचालन गरिनेछ ।

८) स्थानीय सरकार संचालनको लागीचाहिने ऐन, नियम, कानुन, निर्देशिका, कार्यविधि, विनियमावलीहरु तयार गरी नगर कार्यपालिकाबाट पारित गराई राजपत्रमा प्रकाशन गरी लागु गरिनेछ ।

९) नगरभित्र रहेको सुरक्षा निकायको भौतिक पूर्वाधार, सवारी साधनको उपलब्धता, दरवन्दी अनुसारको जनशक्ति व्यवस्थापन लगायत अन्य संस्थागत क्षमता अभिवृद्धिका लागी आवश्यक पहल गरिनेछ । स्थानीय सुरक्षा निकाय, सामुदायिक प्रहरी र सरोकारवालाहरुबीच सुरक्षा व्यवस्थालाई सवल बनाउन आवश्यक अन्तरकृया कार्यक्रमहरु संचालन गरिनेछ । नगर प्रहरीको समन्वयकारी भूमिकालाई प्रभावकारी वनाईनेछ भने बजार, बालआश्रम, विद्यालय, व्यवसाय दर्ता र संचालन, मदिरा विक्रि वितरण र सेवन, घर निर्माण, सार्वजनीक जग्गाको सांध, सीमाना, ईन्धन डिपो, होटल, दुध डेरी, मासु पसल, औषधी पसल लगायतका नागरिकको जनजीविकासंग सम्वन्धीत विषयहरुलाई प्रचलित कानुनको अधिनमा रही कडाईका साथ अनुगमन गरी स्थानीय सरकारको अनुभूति गराईनेछ ।

*सूचना तथा संचार प्रविधि :*

१) नगरपालिकाले हरेक काम कारवाही वेवसाईट, इमेल, अनलाईन नेटवर्किङ्ग जस्ता विद्युतिय संचार माध्यमको प्रयोग गरी नगरपालिका, अन्तर्गत सबै वडाहरुलाई विद्युतिय सञ्चारसंग जोड्ने अवधारणा (Paper Less Governance) प्रयोगमा ल्याउने नीति लिईनेछ ।

२) नगरपालिकाको ऐलानी एवं अव्यवस्थित जग्गा अभिलेखीकरण, सार्वजनीक सम्पत्ती अभिलेखीकरण, घर नक्सा पास, व्यक्तिगत घटना दर्ता, समाजिक सुरक्षा भत्ता वितरण

अभिलेख, नगरको जिन्सी अभिलेखु जस्ता कार्यहरुलाई पूर्ण रुपमा डिजिटलाइजेशन गरी व्यवस्थित गरिनेछ ।

*खानेपानी तथा सरसफाई :*

१) **"एक घर एक चापाकल"** लक्ष्य प्राप्त गर्नेगरी खानेपानी आयोजना तथा कार्यक्रम संचालन गरिनेछ ।
२) खानेपानी पर्याप्त आपुर्तिका लागी सरकारी निकाय, निजी क्षेत्र र सेवा प्रदायकसंग सहकार्य गरिनेछ ।
३) रामगोपालपुर बजार क्षेत्र तथा वडा कार्यालयको सरसफाई कार्यको लागी आवश्यक स्वीपरहरुको व्यवस्था गरिनेछ ।
४) दुर्गा मन्दिर नजिक रहेको शौचालयलाई नियमित रुपमा संचालन गरिनेछ ।
५) न.पा.भित्र संकलन भएको फोहर व्यवस्थापन कार्यको लागी डम्पीगं साईडको आवश्यक व्यवस्था मिलाईनेछ ।
६) शुद्ध खानेपानीको सुनिश्चितता हुनेगरी शुद्ध पिउने पानी नपुगका क्षेत्रमा खानेपानीका पूर्वाधार निर्माण गरिनेछ ।
७) न.पा.मा खरिद भएको सेफ्टी टैंकद्वारा नगरपालिकाभरी निःशुल्क शौचालय सरसफाई गरिनेछ ।
८) कंचनिमाई पोखरीको डिलमा रहेको अधुरो खानेपानी योजनाको कार्यलाई पुरा गर्न सम्बन्धीत निकायमा पहल गरिनेछ ।
९) सार्वजनीक तथा महत्वपूर्ण स्थानहरुमा डष्टविनको व्यवस्था गरिनेछ ।

*वित्तिय व्यवस्थापन तर्फ :*

१) प्राविधि मैत्री प्रशासनका माध्यमबाट राजश्वको दायरा फराकिलो बनाईनेछ ।
२) **"व्यवस्थित कर प्रणाली, समृद्ध नगरपालिका"** भन्ने मुल नाराका साथ राजश्व सुधार योजना कार्यान्वयन गरिनेछ ।
३) वडा र नगरबाट संकलन हुने राजश्वलाई व्यवस्थित गरिनेछ ।
४) कर चुहावटलाई निरुत्साहित गरिनेछ ।
५) कर प्रणालीलाई आर्थिक र सामाजिक न्यायका लागी उपयोग गर्ने नीति लिईनेछ ।
६) राजश्व नीतिको माध्यमबाट उद्यमशिलता अभिवृद्धि गरिनेछ ।
७) राजश्व प्रणालीलाई प्रविधिमैत्री स्वचालित, पारदर्शी र करदाता मैत्री बनाई स्वेक्षिक र सहभागिता एवं कर परिपालना अभिवृद्धि गरिनेछ ।
८) आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारी कार्यान्वयन गरिनेछ ।
९) वित्तिय कारोवारलाई पारदर्शि बनाईनेछ ।
१०) अन्तिम आन्तरिक लेखापरीक्षणको कार्यालय संचालन गरिनेछ ।
११) बेरुजु फछ्यौंटलाई अभियानको रुपमा संचालन गरिनेछ ।
१२) करको दरमा सामयिक पुनरावलोकन गरी तथा दायरा फराकिलो बनाई राजश्व परिचालनमा थप प्रभावकारीता ल्याउनेछ । आवश्यकता अनुसार अनुगमन तथा संकलन गर्नका लागी टोली गठन गरी परिचालन गर्ने कार्यलाई निरन्ता दिईनेछ । साथै अग्रिम कर तिर्न सक्ने प्रवन्ध मिलाईनेछ ।
१३) योजना तथा कार्यक्रम संचालन गर्दा, सेवा सामाग्री खरिद गर्दा नेपाल सरकारको सार्वजनीक खरिद ऐन, नियमावली तथा आर्थिक कार्यविधि अनुसार गरिनेछ ।

राम दुलार साह
नगर प्रमुख

१४) नगरपालिकाको गत विगत आर्थिक वर्षका बेरुजु मध्ये नियमित गर्नु पर्नेलाई नियमित गरिने, असुल उपर गर्नुपर्ने खालको बेरुजुलाई सम्वन्धीत व्यक्ति तथा संघसंस्थाहरु संग नियमानुसार असुलउपर गरिनेछ । नगरपालिकाको बेरुजु न्यून गर्ने तर्फ ध्यान दिईनेछ ।

१५) तोकिएको समयमा नै पेश्की तथा बेरुजु फछ्यौट नगरेमा भुक्तानी हुन बांकी रकम, पारिश्रमिक, तलव भत्ता समेत रोक्का गरि असुल उपर गरिनेछ ।

१६) राजश्व संकलनको लागी कर शिक्षा संकलन कार्यक्रम मार्फत करमैत्री वातावरणको व्यवस्था मिलाईनेछ ।

१७) अनावश्यक खर्च नियन्त्रण गरी सार्वजनीक श्रोतको उपयोग गर्दा मितव्ययी हुने नीति अवलम्वन गरिनेछ ।

१८) सम्भाव्यता अध्ययन गरी राजश्व परिचालनका थप श्रोतहरुको पहिचान गरिनेछ । सम्पत्ति करलाई आन्तरिक आयको मुल श्रोतको रुपमा विकास गरिनेछ । स्थानीय तहलाई प्राप्त घर बहाल करलाई थप व्यवस्थित गर्न सम्वन्धित वडा कार्यालयले लगत तयार गर्ने र श्रोत साधन सहित घर बहाल कर असुली तथा व्यवस्थापन गरिनेछ ।

१९) सबैभन्दा धेरै कर दाखिला गर्ने करदातालाई उत्कृष्ट करदाताको रुपमा पुरस्कृत गरिने कार्यक्रम लागु गरिनेछ । सबै आर्थिक तथा व्यापारिक कृयाकलापहरुलाई करको दायरामा ल्याई आन्तरिक आम्दानीको दायरालाई फराकिलो बनाईनेछ । नगरपालिकाले प्रदान गर्ने सेवा र सुविधाहरुलाई क्रमशः डिजिटलाईजेशन गर्दै सेवा प्रवाहलाई सहज र पारदर्शी बनाईनेछ । नगरपालिकाका निर्णय प्रकृया सरल, सहज र पारदर्शी बनाईनेछ । सेवा प्रवाहलाई थप प्रभावकारी बनाउन सेवाग्राही सन्तुष्टी सर्वेक्षण मापन कार्य गरि प्राप्त गुनासोहरुलाई तत्काल सुनुवाई हुने संयन्त्रको व्यवस्था गरिनेछ ।

***गैर सरकारी संस्था तर्फः***

१) गैर सरकारी संस्थाहरुको परिचालन, नियमन, अनुगमन र मूल्यांकनलाई प्रभावकारी वनाई सुशासन कायम गरिने छ ।

२) नगर क्षेत्रमा संचालन गर्ने विभिन्न प्रकारका तालिम, सचेतनामुलक कार्यक्रम, विशेष अभियानहरु संचालनका लागि स्थानीय गैरसरकारी संस्थाहरुलाई प्राथमिकता दिईने छ ।

३) नगरपपालिका भित्र आफनो योजना कार्यक्रम संचालन गर्न गराउन चाहने गैरसरकारी संस्थाहरुले नगरपालिकामा सूचिकृत अनिवार्य रुपमा हुनुपर्ने छ ।

४) कर, सचेतना, वातावरणीय, सरसफाई तथा विभिन्न किसिमका सचेतना मुलक कार्यक्रम संचालन गर्नका लागि स्थानीय गैरसरकारी संस्थाहरु संग सहकार्य गरिनेछ ।

***पूर्वाधार विकास तर्फ :***

१) योजना तर्जुमा, वजेट विनियोजन, कार्यान्वयन तथा अनुगमन एवं मुल्यांकनमा प्रविधिको अधिकतम प्रयोग गरी नजितामुखि पुजिगत खर्चमा वृद्धि गरिनेछ ।

२) स्थानीय आवश्यकताका आधारमा तत्काल सम्पन्न गर्नुपर्ने हरेक वडाबाट प्राप्त भएका योजनालाई प्राथमिकता प्राप्त योजनाका रुपमा कार्यान्वयन गरिनेछ ।

३) सार्वजनिक, ऐलानी, पर्ति, नदी उकास, नदी किनार, नदी करिडोर, गुठी तथा सरकारी जग्गाहरुको लगत अद्यावधिक गरी सोको संरक्षण गरी बनाईएका अनाधिकृत संरचना हटाई खुल्ला क्षेत्रको रुपमा विकास गरिनेछ ।

४) आफ्नो भवन नभएका वडा कार्यालयहरुको भवन निर्माण गर्ने कार्यलाई प्राथमिकता दिईनेछ ।

५) भौतिक पूर्वाधार निर्माण कार्यको गुणस्तर नापचांच गर्न आवश्यक पर्ने सामाग्रीहरुको व्यवस्थापन गरिनेछ ।

राम दुलार साह
नगर प्रमुख

६) "सिंचाईमा लगानी कृषीमा आम्दानी" भन्ने नाराका साथ कृषी विद्युतीकरणलाई विकास गर्दै कृषी विद्युतीकरणलाई विस्तार, निःशुल्क कृषी मिटर, सिंचाई प्रयोजनका लागी लाग्ने विद्युत महशुलमा अनुदान उपलब्ध गराईनेछ ।

७) नगरपालिका भित्रका पोखरीहरुको जिर्णोद्धार गरी ठेक्का बन्दोवस्त गरिनेछ ।

८) वडा नं. ३ स्थित सौतिनिया पोखरीको सौन्दीकरणका लागी १ करोड ५० लाख बजेट विनियोजन गरिनेछ ।

९) वडा नं. ९ मा मखनिया पोखरीमा कोल्ड स्टोर निर्माण गर्न १ करोड विनियोजन गरिनेछ ।

१०) वसविट्टीको मस्जिदलाई सौन्दीकरण गर्नको लागी सम्वन्धीत निकायसंग पहल गरिनेछ ।

११) यस न.पा.भित्र रहेको विभिन्न अधुरो सामुदायिक भवनको स्तरउन्नती गरिनेछ ।

१२) नगर क्षेत्र भित्रका सडकहरु नियमित रुपमा मर्मत सम्भार गर्नका लागि मर्मत सम्भार कोषको व्यवस्था गरिने छ । निर्माण भैसकेका सडकहरुको स्तरोन्नती गर्दै लगिने छ ।

१३) आवागमनमा सहजता र गुणस्तरीय पूर्वाधार विकासका लागी नगर क्षेत्रका महत्वपूर्ण सडकहरुको स्तरवृद्धि कार्य भई आएकोमा सम्पन्नताका लागी प्राथमिकता दिईनेछ ।

१४) नगरका महत्वपूर्ण स्थानहरुमा नवीकरणीय उर्जा कार्यक्रमवाट सोलार स्ट्रिट प्रणाली जडान गरिनेछ ।

१५) नगरपालिकाको मुख्य सडकको पेटी तथा नदी, नहर किनारमा वृक्षारोपण गरिने छ ।

१६) स्थानीय सार्वजनिक यातायात वस, ट्याक्सी र टेम्पो, ईरिक्सा लगायतको रुट निर्धारण, अनुमति, नवीकरण, खारेजी, सेवाको गुणस्तर, भाडा दर निर्धारण र नियमन गरिनेछ ।

१७) नगर क्षेत्र भित्रका सवै क्षेत्रमा विधुत लाईन विस्तार गरी विद्युत सुविधा उपलब्ध गराईनेछ ।

१८) घर नक्सा ईजाजत दिदा नगरपालिकाको वस्ती विकास, भवन तथा योजना मापदण्ड, सडक यातायात गुरु योजनामा उल्लेखित प्रकृयालाई अवलम्वन गरिने छ ।

१९) यस न.पा. भित्र पर्ने पसिजवा सिंचाई, खोपी, सिंचाई तथा कटही सिंचाई आदी सिंचाईहरुको उचित व्यवस्थापन गर्न सम्वन्धीत निकायमा आवश्यक पहल गरिनेछ ।

२०) यस न.पा. भित्र रहेको वडा नं. ३ दोलाठी र वडा नं. ८ थलहीमा जलेश्वर वर्दिवास मेन सडकको नाला निर्माण कार्यको लागी सडक डिभिजन कार्यालयमा पहल गरी अविलम्व कार्यान्वयनमा ल्याईनेछ ।

२१) श्री म.रा.मा.वि. रामगोपालपुरमा भारतीय राजदुतावासद्वारा निर्माण गरिएको अधुरो भवनलाई पुरा गर्न डि.पि.आर. तयार गरी उक्त कार्य पुरा गर्न सम्वन्धीत निकायमा पहल गरिनेछ ।

२२) न.पा. भवन, चिल्ड्रेन पार्क, न.पा. भित्रको चौतर्फी प्रवेशद्वार लगायतका योजनाहरुको डि.पि.आर तयार भईसकेकोलाई कार्य पुरा गर्नका लागी सम्वन्धीत निकायहरुमा पहल गरिनेछ ।

२३) सहसौला टोलमा पुरानो नदीसम्म दुईतर्फी पक्की नाला निर्माण कार्यको लागी सम्वन्धीत निकायमा समन्वय गरिनेछ ।

२४) हरिणमरी टोलमा मालतमाईको मन्दिरलाई पर्यटकीय क्षेत्र वनाउनको लागी सम्वन्धीत निकायमा पहल गरिनेछ ।

२५) वडा नं. ७ मा सामुदायिक भवन निर्माण कार्यको लागी सम्वन्धीत निकायमा मांग गरिनेछ ।

***<u>वन वातावरण तथा विपद् व्यवस्थापन :</u>***

१) नगरलाई हराभरा र स्वच्छ बनाउन एक घर दुई वहुवर्षिय विरुवा रोपण कार्यलाई निरन्तरता दिईनेछ ।

२) नगर क्षेत्रभित्र रहेको निजी, सरकारी, गैर सरकारी विद्यालय र कलेजको नजिक सुर्तिजन्य पदार्थ तथा मदिराजन्य पदार्थ बेचविखनमा रोक लगाईने नीति लिईनेछ ।

राम दुलार साह
नगर प्रमुख

३) विपद व्यवस्थापन कार्यलाई प्रभावकारी वनाउन विपद् वयवस्थापन कोषलाई थप सुदृढ गरिनेछ ।
४) विपद्बाट हुने क्षति न्यूनिकरणका लागी तत्काल राहत र उद्धारका कार्यमा जोड दिईनेछ । यस कार्यमा नगरप्रहरी, सहयोगी संस्था र सम्वन्धीत निकायहरुको परिचालनमा जोड दिईनेछ ।
५) वारुण यन्त्र तथा एम्बुलेन्सको व्यवस्थापनलाई प्रभावकारी बनाईनेछ ।

*कृषी/पशु :*
१) न.पा.मा उत्पादन हुनै सबै अन्नवाली तथा फलफुलहरुको सुरक्षित भण्डारण गरी वेमौसममा प्रयोग गर्न सकिने वातावरण निर्माण गर्न वडा नं. ९ को मखनिया पोखरीमा कोल्ड स्टोर निर्माण गरिनेछ ।
२) पशुपालन तथा कृषी कार्यका लागी दिर्घकालिन योजना तयार गरी कृषी सडक, कृषी विद्युतीकरण तथा स्थानीय सतरमा सिंचाई प्रणालीको निर्माण गरिनेछ ।
३) जैविक (अर्गेनिक) खेतीलाई प्रोत्साहन गरिनेछ ।
४) प्रत्येक घरधुरीलाई आँप, लिचि, कटहर जस्ता फलफुलहरुको विरुवा निःशुल्क वितरण गरिनेछ ।
५) कृषी विकास रणनीतिको योजना बनाई कार्यान्वयन गरिनेछ ।
६) कृषी तथा पशुपंक्षी विमा कार्यान्वयनमा जोड दिईनेछ ।
७) नगरक्षेत्रमा पशुपंक्षी वधशाला निर्माण गरिनेछ ।
८) छाडा पशुहरुको उपचार तथा भेक्सीनेशन गरिनेछ ।
९) कृषीयोग्य जमिनको माटो परिक्षण शिविर संचालन गरिनेछ ।
१०) पशु सेवा केन्द्रलाई व्यवस्थित गरी संचालनमा ल्याईनेछ ।
११) कृषी क्षेत्रको आधुनिकिरण र व्यवसायिकरण तथा कृषी उपजको भण्डारण र बजारीकरणको समुचित प्रवन्ध मिलाईनेछ ।
१२) कृषी तथा पशु विकासमा आधारित साना किसान तथा यूवा उद्यमी साझेदारी कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
१३) व्यवसायिक कृषीमा लागेका किसानलाई प्रोत्साहन गर्न कृषी उपकरण, बिऊ, मल, प्रविधिमा अनुदान उपलब्ध गराईनेछ ।
१४) यस न.पा.भित्र कृषी उत्पादनको लागी व्यवस्थित गर्न नयां कृषी सडकहरुको निर्माण गरिनेछ ।
१५) व्यवसायिक रुपमा काम गरिरहेका किसानहरुलाई नगरपालिकाले गरिरहेको सम्मान कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
१६) कान्जीहाउसको व्यवस्थापन मिलाईने छ ।
१७) माछा जोन वाहेकका वडाहरुमा माछापोखरी निर्माणका लागि आवश्यक सहयोगको व्यवस्था मिलाईनेछ ।
१८) सहकारी संस्थाहरुलाई उत्पादनशील तथा सामाजिक व्यवसायका क्षेत्रमा क्रियाशिल गराईनेछ ।

*संस्कृतिक सम्पदा तथा पर्यटन विकास तर्फ :*
१) नगर भित्र रहेका प्राचिन मठ मन्दिर गुठी तथा ताल तलैयाहरुको स्तरोन्नति र संरक्षण गरिने छ ।
२) पुरातात्विक महत्वका मठ, मन्दिर, पाटीपौवा र गुठीहरुको संरक्षण र व्यवस्थापनको लागि प्रदेश सरकार र संघीय सरकार संग सहकार्य गरीने छ ।

३) सौतिनिया पोखरी र अन्य पोखरी समेतलाई सौन्दयीकरण गरी पर्यटकीय क्षेत्रको रुपमा विकास गर्नको लागि आवश्यक रणनीति अपनाईने छ ।

*उद्योग तथा वाणिज्य तर्फ :*

१) उद्योग व्यवसायहरुको दर्ता तथा नियमन सम्वन्धी कार्यलाई अभियानको रुपमा संचालन गरिने छ ।

२) हाटबजार सरसफाई, सडक गल्लीको सरसफाई गर्दा निस्केको फोहर मैला व्यवस्थापन गर्न डायम्पीङ्ग साईटको व्यवस्थापन गरिने छ ।

३) रोजगार तथा बेरोजगारको तथ्याङ्क संकलन, प्रशोधन र सूचना प्रणालीको स्थापना गरिनेछ ।

४) प्रधानमन्त्री स्वरोजगार कार्यक्रम अनुसार उल्लेख्य वेरोजगारहरुलाई तालीम तथा रोजगारी प्रदान गरीने छ ।

*सामाजिक विकास तर्फ :*

२) यस न.पा.को नगर प्रमुख ज्यूद्वारा घोषणा गरिएको मधेश प्रदेश भरीको लागी नि:शुल्क एम्बुलेन्स सेवा तथा जन्मदर्ता, मृत्युदर्ता र विवाह दर्तालाई समेत अगामी दिनहरुमा पनि निरन्तरता दिईनेछ ।

३) यस न.पा.को नगर प्रमुख ज्यूद्वारा घोषणा गरिएको गरिब, विपन्न, असहाय परिवारहरुको विवाह खर्च र कृया खर्च वापत राहत सहयोग कार्यक्रमलाई अगामी दिनहरुमा पनि निरन्तरता दिईनेछ ।

४) प्रधानमन्त्री रोजगार कार्यक्रमलाई संघीय सरकारको नीति अनुरुप प्रभावकारी रुपमा कार्यान्वयनमा लैजानको लागी आवश्यक सहयोग पुऱ्याईनेछ । रोजगार सेवा केन्द्रलाई श्रम सूचना बैंकको रुपमा समेत उपयोग गरिनेछ । समान कामको समान ज्यालालाई सुनिश्चित गर्दै कुनै पनि श्रमिकको श्रम शोषण हुन दिईने छैन ।

५) स्थानीय विपद व्यवस्थापन तथा जलवायु उत्थानशील योजना र विपद् पुर्वतयारी एवं प्रतिकार्य योजना निर्माण गरी उक्त योजनाले दिएका सुझावहरु क्रमश: कार्यान्वयन गरिनेछ । विपद व्यवस्थापन कोषलाई सबल बनाई कोषको रकम परिचालनलाई थप व्यवस्थित गरिनेछ ।

६) रामगोपालपुर न.पा.को बजार क्षेत्रहरुमा राखेको विभिन्न टेम्पु, रिक्सा, ठेला, गुम्ती छाप्रो लगायतका सामाग्रीहरुको लागी आवश्यक व्यवस्थापनको व्यवस्था गरिनेछ ।

७) न.पा. भित्र रहेको सम्पूर्ण वजारलाई व्यवस्थित गरी ठेक्का लगाउने प्रकृया अगाडी वढाईनेछ ।

*शिक्षा तर्फ :*

१) नगरपालिकाका क्षेत्रभित्रका सम्पूर्ण विद्यालयको पूर्वाधार विकास तथा शैक्षिक सुधारको लागी शिक्षा विकास योजना तर्जुमा गरी कार्यान्वयनमा ल्याईनेछ । संस्थागत विद्यालयहरुको व्यवस्थापन तथा पठन पाठन कार्यको नियमित अनुगमन, नियमनका माध्यमबाट नाफामुखि शिक्षालाई, दुरुतसाहित गर्दै सेवामुखि शिक्षा विकासका लागी एक संस्थागत संयन्त्र संचालनमा ल्याईनेछ ।

२) श्री म.रा.मा.वि. रामगोपालपुरमा संचालनमा रहेको ३ कक्षा सम्मको अंग्रेजी माध्यमबाट भईरहेको अध्यापनलाई कक्षा ४ सम्म लागु गरिनेछ ।

३) रामगोपालपुर बहुमुखी क्याम्पसको निर्माणाधिन भवनको निर्माण कार्य अगाडी बढाईनेछ ।

राम दुलार साह
नगर प्रमुख

४) सबै सामुदायिक विद्यालयहरुमा भौतिक पूर्वाधार, मर्मत संभार, खानेपानी, शौचालय, डेक्स बेन्च आदीको पूर्ति गर्न आवश्यक बजेट विनियोजन गरिनेछ ।

५) श्री मा.वि. बसविट्टीको डिप्लोमा इन शिविल ईन्जनियरिंगलाई व्यवस्थित र समृद्ध बनाइनेछ ।

६) बालबालिकाहरुको मनोविज्ञान बुझि बौद्धिक क्षमता विकास गर्न **"१ कक्षा १ शिक्षक"** को नीति लिईनेछ ।

७) बालबालिकाहरुलाई बाल मैत्री वातावरणमा शिक्षा प्रदान गरिनेछ ।

८) स्थानीय भाषाको संरक्षण र संवर्द्धनका लागी स्थानीय पाठ्यक्रम तयार गरी पठन-पाठन गरिनेछ ।

९) बालविकास सहजकर्ता तथा कर्मचारीको न्यूनतम पारिश्रमिक रु.१५,०००।- पुऱ्याउनको लागी थप रकम न.पा.बाट उपलब्ध गराईनेछ ।

१०) सबै सामुदायिक विद्यालयहरुको स्तरोन्नती गरीनेछ ।

११) शिक्षक कर्मचारीहरुको लागी विद्यालयमा विद्युतिय हाजिरी तथा लगबुक अनिवार्य राख्ने व्यवस्था गरिनेछ ।

१२) विद्युतिय शिक्षण प्रणाली तथा विद्युतिय व्यवस्थापन प्रणाली प्रभावकारी बनाउनका लागी आई.सि.टि. अनुदान प्राप्त विद्यालयहरुमा सहायक कम्प्यूटर अपरेटरको व्यवस्थापन गरिनेछ ।

१३) विद्यार्थीहरुको सर्वागिंन विकासको लागी मेयरकप रनिङ्ग शिल्ड प्रतियोगिता गराईनेछ ।

१४) विद्यालयको दिवा खाजा कार्यक्रमलाई विद्यार्थी संख्याको आधारमा व्यवस्थित गर्दै लगिनेछ ।

१५) सबै सामुदायिक विद्यालयमा वर्षको २ पटक नि:शुल्क स्वास्थ्य परिक्षणको व्यवस्था मिलाईनेछ ।

१६) सामुदायिक विद्यालयका शिक्षकहरु मध्येबाट सुचकगत आधारमा उत्कृष्ट छानिएका शिक्षकहरुलाई तथा कक्षा ५ र ८ मा सर्वोत्कृष्ट नतिजा प्राप्त गर्न छात्र १ र छात्रा १ लाई पुरस्कार तथा सम्मान गरिनेछ ।

१७) विद्यालयको शिक्षणमा प्रभावकारीता ल्याउने अनुगमनलाई कडाईका साथ लागु गरिनेछ ।

१८) "असहाय र विपन्न संग मेयर" कार्यक्रम अर्न्तगत सामुदायिक विद्यालयहरुमा अध्ययनरत असहाय र विपन्न वालवालिकालाई मासिक रुपमा स्टेशनरी एवं आवश्यकता अनुसार विद्यालय पोशाक उपलब्ध गराईने छ ।

१९) गुणस्तरिय शिक्षाका लागि तालिम, कार्यशाला गोष्ठी आदिको माध्यमवाट विद्यालयका सरोकारवाला, विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरु, शिक्षकहरु तथा अभिभावकहरुलाई विषयगत रुपमा क्षमता अभिवृद्धि गरिने छ ।

२०) सामुदायिक सिकाई केन्द्र मार्फत साक्षर महिला समुह गठनका माध्यमवाट आयआर्जनका कार्यक्रम संचालन गरी उहांहरुको शैक्षिक तथा आर्थिक स्तर वृद्धि गरिनेछ ।

२१) सामुदायिक विद्यालयमा छात्राहरुलाई सेनेटरी प्याड नि:शुल्क वितरणलाई निरन्तरता दिईनेछ । बालबालिकामाथि हुनसक्ने यौनजन्य दुर्व्यवहार अन्त्यको लागी विद्यालय तथा समुदाय स्तरमा बालबालिकालाई प्रतिकारात्मक/प्रतिरक्षात्मक सीप एवं जनचेतना अभिवृद्धिका कार्यक्रम संचालन गरिनेछ । विद्यालयको समग्र विकास, योजना र रणनीति निर्माणको लागी थप प्रवर्द्धनात्मक कार्यक्रमहरु संचालन गरिनेछ ।

२२) शिक्षकहरुको पेशागत क्षमता अभिवृद्धीको लागी तालिम, गोष्ठी तथा शैक्षिक भ्रमणको व्यवस्था मिलाईनेछ ।

२३) अगामी ३ वर्षमा साक्षर रामगोपालपुर नगरपालिका बनाउनको लागी आवश्यक पहल लगायतका विशेष कार्यक्रमहरु गरिनेछ ।

राम दुलार साह
नगर प्रमुख

राम दुलार साह
नगर प्रमुख

२४) संस्थागत विद्यालयद्वारा विद्यार्थीहरुलाई उपलब्ध प्रदान गर्नुपर्ने छात्रवृत्तिलाई १० प्रतिशत कायम गरी प्रभावकारी कार्यान्वयन गराईनेछ ।

२५) विद्यालयमा स्वच्छ वातावरण कायम गर्न रुख रोपौं वातावरण जोगाऔं भन्ने नाराका साथ विद्यालयमा वृक्षारोपन कार्यक्रम गरिनेछ ।

२६) विपन्नताका कारण विद्यालय छोड्ने विद्यार्थीहरुको लागी **सबैका लागि शिक्षा मेयर कार्यक्रम** मार्फत ड्रप आउट हुने क्रमलाई निरुत्साहित गरिनेछ । बालविकास केन्द्रहरुको स्तर तथा गुणस्तर उन्नती गरी नमुना बालविकास केन्द्रको रुपमा विकास गर्दै लगिनेछ । विभिन्न कारणले वंचित रहेका विद्यालय उमेर समुहका बालबालिकाहरुलाई विद्यालय शिक्षाको मुल प्रवाहमा समाहित गर्न कार्यक्रम कार्यानवयनमा प्रभावकारिता ल्याईनेछ ।

२७) विद्यार्थीहरुको शारीरिक, मानसिक, संवेगात्मक, सामाजिक विकासका लागी खेलकुद मार्फत विद्यार्थीको प्रतिभा पहिचान, भविष्यमा विद्यार्थीको पेशा छनौटमा सहयोग गर्न समेतका लागी नगर स्तरमा अतिरिक्त कृयाकलापहरु संचालन गरिनेछ ।

२८) यूवा शक्तिलाई समाजमा बेरोजगार अवस्थामा रहेका यूवा समुहलाई पेशा प्रगती उत्प्रेरित बनाउन अभिमुखिकरण कार्यक्रम आयोजना गरी यूवा सशक्तिकरणमा जोड दिई कार्यक्रम आयोजना गर्ने नीति अवलम्वन गरिनेछ ।

२९) यूवा शक्तिलाई नगरको संचेतनाका सम्वाहकको रुपमा सदुपयोग गर्दै नगर विकासमा सहभागी गराईनेछ ।

३०) जगैदेखि खेलकुदको विकासका लागी वडा स्तरीय खेलकुद कार्यक्रम गरिनेछ । खेलकुद पूर्वाधार विकासका लागी संघिय तथा प्रदेश सरकारसंग समन्वय गरिनेछ ।

३१) रुपान्तरण कार्यक्रममा आवश्यक बजेट विनियोजन गरिनेछ ।

३२) १० वर्षे नगर शिक्षा योजनालाई कार्यान्वयनमा ल्याउने गरी प्रकृया अगाडी बढाईनेछ ।

३३) बाबु, आमा नभएका बालबालिकालाई कक्षा १२ सम्म पोशाक, पाठ्य पुस्तक सहितको निःशुल्क पठन-पाठन गराईनेछ ।

३४) न.पा.द्वारा भर्ना गरिएको नगरशिक्षकहरुलाई अगामी दिनमा पनि निरन्तरता दिईनेछ साथै आवश्यकता अनुसार थप भर्ना गरिनेछ ।

३५) विद्यालयको आन्तरिक परीक्षाहरु मर्यादित र अझ व्यवस्थित गरिनेछ ।

***पंजिकरण तथा सामाजिक सुरक्षा तर्फ :***

१) व्यक्तिगत दर्ता किताब डिजिटाईजेसनको लागी आवश्यक बजेट विनियोजन गरिनेछ ।

२) व्यक्तिगत दर्ता शुल्क निःशुल्कलाई निरन्तरता दिई नागरिकता सिफारिस दस्तुरलाई पनि निःशुल्क गरिनेछ ।

३) यस न.पा. अन्तर्गत रहेको अपागं व्यक्तिहरुको सहज जिवन उकास्नका लागी अपांग मैत्री सम्बन्धी कार्यक्रम तथा विविध सामाग्रीहरु वितरण गरिनेछ ।

***नगरसभा सदस्य ज्यूहरु,***

१) माथि उल्लेखित नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनमा सघाउ पुग्ने गरी नगरपालिकालाई प्राप्त समानीकरण अनुदान, राजश्व बांडफांडको रकम, संघ तथा प्रदेश सरकारबाट प्राप्त हुने अनुदान र आन्तरिक श्रोतको रकमबाट नगरपालिकाको दिगो र सन्तुलित विकास हुनेगरी बजेट, योजना र कार्यक्रम सहितको आय-व्ययको अनुमान नगरसभा समक्ष पेश गर्ने अनुमति चाहन्छु । आर्थिक विधेयक र विनियोजन विधेयक समेत यस गरिमामय नगरसभामा पेश गर्न अनुमति चाहन्छु ।

राम दुलार साह
नगर प्रमुख

## अगामी आ.व. २०८०।०८१ को वार्षिक बजेट तथा कार्यक्रमको सारांश :

१) अब म चालु आ.ब. २०७९।०८० को यथार्थ बजेट (आय) प्रस्तुत गर्दछु । रामगोपालपुर नगरपालिकाको चालु आ.ब. २०७९।०८० मा भएको कुल यथार्थ आय रु. ४१,५४,४७,४००।- रहेको छ, जसमध्ये आन्तरीक श्रोत (अ.ल्या. समेत) को रकम रु. २,४६,९३,८१७।- र नेपाल सरकारको तर्फबाट रु.३४,८६,२६,१८८।- तथा मधेश प्रदेश सरकारको तर्फबाट रु.४,२१,२७,३९५।- मात्र प्राप्त भएको छ ।

२) अब म अगामी आर्थिक वर्ष २०८०।०८१ को प्रस्तावित अनुमान गरिएको आय व्यय प्रस्तुत गर्दछु । रामगोपालपुर नगरपालिकाको आर्थिक बर्ष २०८०।०८१ को लागि कुल रु. ४२,०४,२९,८००।- विनियोजन गरेको छु । विनियोजित बजेटमा नेपाल सरकारबाट प्राप्त वितिय समानीकरण अनुदान, सशर्त अनुदान, विशेष, समपुरक, राजश्व बांडफांड, रोयाल्टी र आन्तरिक आय (राजस्व) र मधेश प्रदेश तर्फको राजश्व बांडफांड, विशेष र समपुरक रकम समेत समावेश गरिएको छ ।

३) रामगोपालपुर नगरपालिकाको कुल आन्तरिक आय राजस्व तथा अ.ल्या. तर्फको अनुमानित रु. २,००,००,०००।- प्रस्ताव गरिएको छ ।

४) अब अगामी आ.व. २०८०।०८१ का लागि तपसिल बमोजिमको नेपाल सरकार, मधेश प्रदेश सरकार र आन्तरिक अनुदान रकमहरु समावेश रहेको छ ।

तपसिल

### आ.व. २०८०।०८१ को वार्षिक बजेट विवरण :

| सि.नं. | विवरण | बजेट | कैफियत |
|---|---|---|---|
| १ | संघ वित्तिय समानिकरण | ९,९६,००,०००।- | |
| २ | संघ सर्शत अनुदान | १८,१२,००,०००।- | |
| ३ | संघ विशेष अनुदान | १,००,००,०००।- | |
| ४ | संघ समपुरक अनुदान | ७५,००,०००।- | |
| ५ | संघ राजश्व बांडफांड | ८,७०,५९,८००।- | |
| ६ | संघ रोयाल्टी | ५०,०००।- | |
| ७ | प्रदेश वित्तिय समानिकरण | ७०,२०,०००।- | |
| ८ | प्रदेश विशेष अनुदान | ३०,००,०००।- | |
| ९ | प्रदेश समपुरक अनुदान | २०,००,०००।- | |
| १० | प्रदेश राजश्व बांडफांड | ३०,००,००० | |
| ११ | आन्तरीक आम्दानी | २००,००,०००।- | |
| | जम्मा : | ४२,०४,२९,८००।- | |

१) रामगोपालपुर नगरपालिका नवौं नगरसभा सम्म नगरपालिका संचालन र व्यवस्थापनका लागि भए गरेका निर्णयहरु आय व्ययहरु स्वीकृतको लागि प्रस्ताव पेश गरेको छु ।

२) आगामी आर्थिक वर्ष २०८०।२०८१ को नीति बजेट तथा कार्यक्रमको अभिन्न अंगको रुपमा रहेका आय व्ययको विस्तृत विवरण राजस्व तथा अनुदान प्राप्तीका अनुमान कार्य क्षेत्रगत व्यय अनुमानका लागि पेश गरेको छु ।

अन्तमा यो नीति तथा कार्यक्रमको सफल कार्यान्वयनबाट नगरको विकासको आधारशीला खडा हुनेछ । आर्थिक पारदर्शीता र सुशासन कायम हुनेछ । नगरको सेवाको गुणस्तर बृद्धि भई रामगोपालपुर उत्कृष्ट नगर सरकारको रुपमा नेपालको मानचित्रमा अकिंत हुनेछ । यो नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनमा सबै क्षेत्रबाट विशिष्ट योगदान प्राप्त हुनेछ भन्ने विश्वास लिएको छु । अन्त्यमा नगरको विकासमा योगदान पुऱ्याउनु हुने जनप्रतिनिधिज्युहरु र राष्ट्रसेवक कर्मचारी, राजनीतिक दल, निजी क्षेत्र, सहकारी तथा संघ संस्था, नागरिक समाज, बुद्धिजीवि, संचारजगत्, सुरक्षा निकाय तथा सम्पूर्ण नगरवासीहरुलाई धन्यवाद ज्ञापन गर्दछु । नीति, बजेट तथा कार्यक्रम कार्यान्वयनमा सबैको साथ र सहयोगको अपेक्षा गर्दछु ।

धन्यवाद ॥

<u>प्रस्तुतकर्ता</u>

रामदुलार साह

नवौं नगरसभा अध्यक्ष

रामगोपालपुर नगरपालिका

महोत्तरी

राम दुलार साह

नगर प्रमुख